# ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन, क्रसिङ्ग र विक्रिवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५

<u>प्रस्तावना:</u> ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको दिगो ब्यबस्थापन गर्न बान्छनीय भएकोले कर तथा गैह्र कर राजश्व सम्बन्धी ऐन २०७५ को दफा १५ को उपदफा ५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ४, प्रदेश सरकारले यो कार्यविधी बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर लगायतका प्राकृतिक स्रोतको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्रीवितरण तथा क्रसर उद्योग व्यवस्थापन र सञ्चालन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश नं. ४ भर लागू हुनेछ ।

(३) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषदले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "मन्त्रालय" भन्नाले प्रदेश नं. ४ को उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ख) "ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर" भन्नाले नदी, खोला, खोल्सी, बन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा सङ्कलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र सास्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालुवा/रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा, स्लेट ढुङ्गा जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।

(ग) "मापदण्ड" भन्नाले दफा ११ बमोजिमको मापदण्ड सम्झनु पर्छ ।

(घ) "अनुगमन समिति" भन्नाले दफा १२ बमोजिमको प्रादेशिक वा जिल्ला वा स्थानीय तहको अनुगमन समिति सम्झनु पर्छ ।

(ङ) "प्रारम्भिक वातावरणीय परिक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण भन्ने सम्झनु पर्छ ।

(च) "वातावरणीय प्रभाव मूल्यांकन" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको वातावरणीय प्रभाव मूल्यांकन भन्ने सम्झनु पर्छ ।

सचिव

(छ) "उद्योग" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर सङ्कलन गरी टुक्रयाउने, फुटाउने वा पेल्ने वा कम्तिमा एक तह प्रशोधन गर्ने मेशिन औजार जडित उद्योगलाई सम्झनु पर्छ र सो शव्दले क्रसर उद्योग / फिरफिरे, रिफाईनरी गर्ने उद्योग समेतलाई जनाउनेछ ।

(ज) "घाटगद्दि" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर सङ्कलन वा उत्खनन वा प्रशोधन गरी नापपैमाईस गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्छ ।

(झ) "राजश्व" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि सङ्कलन गरे वापत प्रदेश सरकारलाई बुझाउनु पर्ने सरकारी राजस्व सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले संविधानको धारा ३०६ बमोजिमको स्थानीय तह सम्झनु पर्दछ ।

३. <u>अनुमति लिनु पर्ने</u>: (१) क्रसर उद्योग सञ्चालन गर्न चाहने व्यक्ति वा सस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित स्थानीय तहले अनुसूची-२ बमोजिमको ढाँचामा क्रसर उद्योग सञ्चालन अनुमति पत्र दिनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागि दरखास्त दिंदा प्रचलित नेपाल कानूनमा तोकिएका शर्त बन्देजका अतिरिक्त देहायका मापदण्ड र शर्तहरू पूरा गरेको हुनु पर्नेछ ।

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएको प्रमाण संलग्न हुनुपर्ने ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता स्रोत धनिको कच्चा पदार्थ उपलब्ध गराउने स्विकृती लिएको प्रमाण संलग्न हुनुपर्ने ।

(ग) क्रसर उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति GPS Point निर्दिष्ट गरेको हुनुपर्ने ।

(४) साबिकमा स्थानीय निकायबाट अनुमति लिई वा स्थानीय निकायले आफै ठेक्का बन्दोबस्त गरी सञ्चालनमा रहेका उद्योगहरूले २०७५ साल श्रावण १ गतेदेखि स्थानीय निकायको पुनसंरचना भै कायम भएको स्थानीय तहको सहमति लिनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि उत्खनन, सङ्कलन, भण्डारण गर्दा स्थानीय तहले आफ्नो भू-उपयोग नीति अनुसार यस प्रयोजनको लागि छुट्टाइएको जग्गामा मात्र उत्खनन गर्ने अनुमति दिन सक्नेछन् ।

सचिव

४. **कार्ययोजना बनाउने:** (१) प्रत्येक स्थानीय तहले देहायका कुराहरू समावेश गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र सङ्कलन सम्बन्धी वार्षिक रूपमा कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) पुर्वाधार निर्माणको लागी चाहिने परिमाण र स्रोतको उपलब्धता ।

(ग) भण्डारण वा घाटगद्दी स्थल ।

(घ) सङ्कलनको विधी र उपयोग हुने मेशिन औजार ।

(ङ) स्थानीय तहले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना सम्बन्धित स्थानीय तहको सभामा पेश गर्नुपर्नेछ ।

(३) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र सङ्कलन सम्बन्धमा स्थानीय तहबाट तयार पारिएको वार्षिक कार्ययोजनालाई सम्बन्धित स्थानीय तहको सभाले स्वीकृत गर्नेछ ।

५. **वातावरणीय प्रभाव अध्ययनः** (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र सङ्कलन गर्ने स्थानीय तहले त्यसरी उत्खनन सङ्कलन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

(२) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, सङ्कलन/प्रशोधन र बिक्रीवितरण गर्ने क्रसर उद्योगको सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

(३) सम्बन्धित स्थानीय तह र ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, सङ्कलन, प्रशोधन र बिक्रीवितरण गर्ने क्रसर उद्योगले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा औल्याइएका सुधारात्मक र प्रभाव न्यूनीकरण गर्ने उपायको कार्यान्वयन गर्नु पर्नेछ ।

(४) प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन स्वीकृत नगरी सञ्चालन भएका क्रसर उद्योगलाई प्रदेश सरकारले सञ्चालनमा रोक लगाई एक पटकको लागि निश्चित अवधि तोकि त्यस्तो वातावरणीय अध्ययन गराई स्वीकृति पाएमा पुनः सञ्चालन गर्न अनुमती दिन सक्नेछ ।

६. **ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र सङ्कलनः** (१) राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्रबाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता नदिजन्य पदार्थको उत्खनन र सङ्कलन गर्न पाईने छैन ।

सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ४
पोखरा, नेपाल

(२) निकुञ्ज वा आरक्ष क्षेत्रको मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन तथा सङ्कलन गर्नुपर्ने भएमा सम्बन्धित निकुञ्ज वा आरक्ष वा संरक्षण क्षेत्र कार्यालयले बार्षिक योजना र प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन स्विकृत गराई उत्खनन सङ्कलन गर्न सक्नेछ।

(३) राष्ट्रिय बन, राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा चुरे श्रृंखला र अन्य संवेदनशील क्षेत्रवाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न पाइने छैन। अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमका मेशिन औजार मात्र प्रयोग गर्नु पर्नेछ।

(४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश भित्रको कुनै नदि वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्बेदनशील क्षेत्र घोषणा गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(५) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन तथा सङ्कलन कार्य असार १ गते देखी भाद्र १५ गतेसम्म गर्न पाईने छैन ।

(६) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन तथा सङ्कलन कार्य सुर्यास्त देखि सुर्योदय नहुँदासम्म गर्न पाईने छैन ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बाढी, पहिरो, डुबानले राजमार्ग, खेतबारी, गाउँ, बस्ती, शहर बजार, पक्की पुल जस्ता क्षेत्रमा थुपारेको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर हटाउनु पर्ने भएमा स्थानीय तहले हटाउन सक्नेछ ।

७. <u>भण्डारण, घाटगद्दीको व्यवस्था</u>ः (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र सङ्कलन पश्चात स्थानीय तहले उपयुक्त भण्डारण तथा घाटगद्दीको स्थान तोक्नुपर्नेछ ।

(२) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक कोही कसैले भण्डारण वा घाटगद्दी गर्नु हुदैन।

(३) स्थानीय तहले बर्षको प्रत्येक तीन महिनामा एक पटक घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ।

सचिव

८. **ढुङ्गा, गिटी, बालुवाको उपयोगः** (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उपयोगमा स्थानीय आवश्यकता र स्थानीय तहको माग र प्रदेशको विकास निर्माणलाई चाहिने मागको आपूर्तीलाई पहिलो प्राथमिकता दिईनेछ ।

(२) स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना तथा अन्य सार्वजनिक निर्माण कार्यका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता निर्माण सामग्री प्रचलित दर रेट अनुसारको कर तथा शुल्क लिई सहज र सरल रूपले उपलब्ध गराउन सक्नेछ ।

(३) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उपलब्धताका आधारमा अन्तर प्रदेश निकासीको व्यवस्थालाई बाधा पुग्ने छैन ।

(४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर विदेश निकासी सम्वन्धी व्यवस्था नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

९. **ढुङ्गा गिट्टी बालुवाको राजश्व दररेट र बाँडफाँडः** (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको बिक्री गर्दा लाग्ने राजश्व दररेट प्रदेश सरकारले तोकेबमोजिम हुनेछ । अन्य शुल्कहरू प्रदेश कर तथा गैह्रकर सम्वन्धी प्रचलित कानून बमोजिम हुनेछन ।

(२) खानी तथा खनिज पदार्थ बाहेकका निर्माणजन्य ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको राजश्वको बाँडफाँड कर तथा गैह्र कर राजश्व सम्बन्धी ऐन २०७५ बमोजिम सम्बन्धित स्थानीय तह र प्रदेश सरकारका बीच हुनेछ ।

(३) स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त कूल राजश्वको १०% त्यस्तो ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर सङ्कलन, उत्खनन गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा वातावरण संरक्षणका काममा खर्च गर्नुपर्नेछ ।

१०. **ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः**(१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ओसारपसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) पानीले भिजेको र पानी चुहिने ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर बोकेर ढुवानीका साधन पक्की सडकमा गुडाउन पाईने छैन ।

(ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दाबढी तौल राखी वा न्यून विलकारी ढुवानीका साधन सडकमा गुडाउन र नछोपी खुल्ला रूपले ढुवानी गर्न पाईने छैन ।

(ग) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा संचय गरीराख्न पाईने छैन । ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाईने छैन ।

(घ) ढुवानी गर्दा सडकको मापदण्ड, भारबहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने सम्बन्धमा प्रदेश सरकारले विशेष व्यवस्था गर्न सक्नेछ ।



सचिव

उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ४
पोखरा, नेपाल

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले भण्डारण वा घाटगद्दी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भारबहन क्षमता मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

(३) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाईने छैन ।

(४) ओसारपसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

११. <u>क्रसर उद्योग स्थापना र सञ्चालन सम्बन्धी मापदण्डः</u> (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, सङ्कलन, प्रशोधन, भण्डारण कार्य गर्दा तथा क्रसर उद्योग स्थापना र सञ्चालन गर्दा दुरी सम्बन्धी मापदण्ड अनुसूची (३) र (४) बमोजिम हुनेछ ।

(२) यस दफा बमोजिमको मापदण्ड कायम गर्ने वा पालना गर्ने गराउने सम्बन्धमा नेपाल सरकारको निर्देशन पालना गर्नुपर्नेछ ।

(३) क्रसर उद्योग दर्ता र सञ्चालन सम्बन्धी अन्य विषय प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

(४) हाल सञ्चालनमा रहेका यस कार्यविधि अनुरूपको मापदण्ड पुरा नगरेका उद्योगले तीन महिना भित्र यस मापदण्ड अनुसार स्थानान्तरण वा व्यवस्थापन गरी सञ्चालन गर्नु पर्नेछ ।

१२. <u>अनुगमन सम्वन्धी ब्यवस्थाः</u> (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, सङ्कलन, भण्डारण, ओसारपसार र विक्री वितरण तथा क्रसर उद्योगको अनुगमन, नियमन तथा व्यवस्थित गर्न गराउनका लागि एक प्रादेशिक अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रादेशिक अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

(क) सचिव, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय - संयोजक
(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य
(घ) वातावरण हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(३) प्रादेशिक अनुगमन समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

सचिव

(क) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, सङ्कलन, भण्डारण, प्रशोधन तथा बिक्रीवितरण सम्बन्धमा अनुगमन गरी प्रदेश सरकारलाई सुझाव दिने साथै अन्तर-प्रदेश, मन्त्रालय, तहहरूबीच समन्वय गर्ने ।

(ख) यस सम्बन्धी प्रादेशिक नीति, नियम, मापदण्ड तर्जुमा, नियमन र संशोधनका लागि प्रदेश सरकारलाई सुझाव दिने ।

(ग) यस सम्बन्धी अन्तरस्थानीय तहमा कुनै विवाद भए समन्वय गरी निरूपण गर्ने ।

(घ) अन्तरप्रदेश विवाद भएमा मन्त्रालय मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा विवादको विषय पेश गर्ने ।

(ङ) आबस्यकता अनुसार समितिले थप कार्यविवरण आफै बनाई लागू गर्ने ।

(च) आवश्यकतानुसार समितिले विज्ञ वा अन्य आवश्यक देखिएका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) जिल्लास्तरमा अर्को व्यवस्था नहुदा सम्मको लागि हाल विद्यमान जिल्ला अनुगमन तथा समन्वय समितिबाट अनुगमन गर्ने गराउने ।

(५) जिल्ला अनुगमन तथा समन्वय समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

(क) जिल्ला अनुगमन तथा समन्वय समितिले जिल्लामा उत्खनन, सङ्कलन, भण्डारण, प्रशोधन, ओसारपसार र विक्री वितरण हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ठेक्का पट्टा कार्यान्वयनको स्थिति र सो ले वातावरण, कृषि प्रणाली, स्रोतसम्पदा, मानव बस्ती, भौतिक पुर्वाधार संरचना लगायतमा पारेको असर बारे अनुगमन गरी मन्त्रालयलाई सुझाव दिने ।

(ख) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य कानूनसम्मत कार्यान्वयन भए नभएको हेरी नियमन गर्नका लागि मन्त्रालयलाई सिफारिस गर्ने ।

(ग) सडकको भारवाहन क्षमता भन्दा बढी ओसारपसार भएमा वा तोकिएको अधिकतम मूल्य भन्दा बढी लिएमा वा स्वीकृत मापदण्ड वा स्थानीय तहसँग भएको सम्झौता विपरित सङ्कलन, उत्खनन र प्रशोधन वा विक्री भएमा नियमन गर्ने गराउने ।

(घ) अन्तर स्थानीय तह वा अन्तर जिल्ला क्षेत्राधिकार वा यस सम्बन्धी अन्य कुनै विषयमा कुनै विवाद भए समाधानका लागि समन्वय गर्ने । आफ्नो तहबाट हुन नसक्ने भए प्रदेश अनुगमन समितिमा प्रतिबेदन पेश गर्ने ।

सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ४
पोखरा, नेपाल

(ङ) स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित गर्नेलाई कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(६) स्थानीय तहले स्थानीय स्तरमा उत्खनन, सङ्कलन, भण्डारण, क्रसिङ र बिक्रिवितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन गर्न एवं स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्न अनुगमन गर्नु पर्नेछ ।

(७) स्थानीय अनुगमन समितिको कार्यविवरण स्थानीय तहको सभाले तोके बमोजिम हुनेछ ।

१३. <u>वातावरणीय पुनर्स्थापना</u>: (१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भईसके पछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्रयाउने पोखरी निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू-तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका कार्यहरू गर्न सम्बन्धित स्थानीय तहले योजना बनाउनु पर्नेछ ।

(२) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र सङ्कलन कार्यबाट वातावरण, गाउ बस्ती, कृषिभूमि, बनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अबस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू-बनौट, प्राकृतिक सुन्दरता, बन जंगल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न स्थानीय तहले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१४. <u>निषेधित कार्यहरू</u>: (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरू निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजम दर्ता नगरी अवैध रूपमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्यगर्ने उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्यगर्ने उद्योग सञ्चालन गर्न ।

(ग) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्यगर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लंघन गर्न ।

(घ) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, सङ्कलन, भण्डारण र प्रशोधनको कार्यगर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा स्थानान्तरण र उद्योग सञ्चालन गर्न ।

सचिव

(च) कुनै एक विषयमा सङ्कलन गर्न वा उद्योग दर्ता गरी अनुमति लिएका उद्योगले अर्को उद्देश्य वा प्रयोजनको उद्योग सञ्चालन गर्न पाउने छैन । त्यसरी फरक फरक कामको लागि उद्योग सञ्चालन गर्नु पर्ने भए फरक फरक विषयको छुट्टाछुट्टै अनुमति पत्र लिनु पर्नेछ ।

(छ) अनुमति विपरित सञ्चालन गर्न र स्वीकृत प्राप्त भएको भन्दा बढी उत्खनन, सङ्कलन र प्रशोधन गर्न ।

(ज) पुरातात्विक, धार्मिक तथा सौन्दर्यीकरण महत्वका बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन, सङ्कलन तथा बिक्रीवितरण गर्न ।

(झ) कार्यविधीमा विपरित उत्खनन, सङ्कलन/ओसारपसार, विक्रिवितरण तथा उद्योग सञ्चालन गर्न ।

(२) उल्लेखित निषेधित कार्य गरेको पाइएमा त्यस्ता उद्योगहरूलाई विद्युत, खानेपानी, संचार सुविधा विच्छेद गर्न आदेश दिइनेछ । यस्तो आदेश पालना गर्न सहयोग गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ ।

१५. **दण्ड सजायको व्यवस्थाः** (१) दफा १४ को उपदफा (१) बमोजिमका निषेधित कार्य गरेमा प्रचलित कानूनमा व्यवस्था भए अनुसार दण्ड सजाय हुनेछ ।

१६. **बिबिधः** (१) यो कार्यविधि लागू भएको मितिले एक महिनाभित्र क्रसर उद्योगले आफ्नो क्रसर उद्योगमा रहेको कच्चा वा प्रशोधित ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको परिमाण सहितको विवरण, सङ्कलन, उत्खननको स्रोत, चालु आ.ब. को बिक्रीवितरणको परिमाण र भावी योजना सहितको प्रतिवेदन स्थानीय तह र मन्त्रालयमा पेश गर्नुपर्नेछ। तत्पश्चात उत्खनन, सङ्कलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रूपमा सम्वन्धित स्थानीय तह र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) स्लेट ढुङ्गा उत्खनन स्थल सम्वन्धित स्थानीय तहबाट अनुमति लिई वातावरणीय पक्षलाई ध्यान दिई व्यवस्थित ढङ्गले प्रचलित कानुन बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

(३) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान खानीको रूपमा सञ्चालन गर्नुपर्ने भएमा नेपाल सरकारले व्यवस्था गरे अनुसार हुनेछ ।

(४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, सङ्कलन, विक्रिवितरण तथा क्रसर उद्योगलाई व्यवस्थित गर्ने कार्यमा स्थानीय तह, जिल्ला र प्रादेशिक अनुगमन समितिलाई स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, सङ्कलन, बिक्रीवितरण तथा क्रसर उद्योगमा काम गर्ने मजदुरको वीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री सम्वन्धी व्यवस्था सम्वन्धित व्यवसायीले गर्नु पर्नेछ ।

सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ४
पोखरा, नेपाल

१७. <u>थपघट तथा हेरफेर</u>ः (१) यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१८. <u>बाधा अड्काउ, फुकाउ</u>ः (१) यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा प्रदेश सरकारले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१९. <u>खारेजी र वचाउ</u>ः यो कार्यविधी लागू भए पश्चात ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, सङ्कलन, विक्रिवितरण तथा क्रसर उद्योग सञ्चालन सम्वन्धी नेपाल सरकारले बनाई साविकमा प्रचलनमा रहेका सबै कार्यविधि मापदण्ड खारेज गरिएको छ ।

सचिव

## अनुसूची - १

**ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, सङ्कलन, विक्रिवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढांचा**

*(दफा ३ को उपदफा १ संग सम्बन्धित)*

श्री अध्यक्ष / प्रमुखज्यू ।

..................................गा.पा. / न.पा. / म.न.पा.

............................................

विषयः **अनुमतिपत्र पाउँ भन्ने बारे ।**

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालन गर्न इच्छुक भएकोले मेरो हाम्रो फर्म/कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु/छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नाम :–

२. फर्मको पूरा ठेगाना :–

३. उद्योग सञ्चालन गर्ने स्थान (GPS लोकेशन समेत) : –

४. उद्देश्य :–

५. पूँजी :–

५. कारोबार गर्ने चीज तथा कामको विवरण :–

६. संलग्न कागजातहरुः (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नवीकरण गरेको प्रमाण, स्वघोषणा सम्वन्धी कागज)

दरखास्तवालाको नामः

सहीः

नागरिकता नम्बरः

सम्पर्क नं.

इति सम्वत् २०........ साल ......गते रोज...... शुभम्

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ४
पोखरा, नेपाल

अनुसूची - २

ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, सङ्कलन, विक्रिवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनको अनुमति पत्रको ढांचा

*(दफा ३ को उपदफा २ संग सम्बन्धित)*

..................म.न.पा./न.पा./गा.पा.को कार्यालय

.............................

<u>अनुमतिपत्र</u>

श्री .............................

...............................................

महाशय,

तपाईको फर्म र कम्पनीले ........................... सम्वन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नुभएको निवेदन र संलग्न कागजात उपर कारवाही हुँदा मिति .................. को निर्णयानुसार ...................... कार्य गर्नेगरी यो अनुमतिपत्र दिईएको छ । प्रचलित कानून बमोजिम गर्नु गराउनु होला ।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नामः

२. फर्म/कम्पनी संचालकको नामः

३. ठेगानाः

४. फर्म कम्पनी सञ्चालन हुने स्थानः

५. चार किल्लाः

<u>अनुमतिपत्र प्रदान गर्ने अधिकृतको</u>

नामः

दर्जाः

दस्तखतः

मितिः

*द्रस्टव्यः यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन नियमानुसार दस्तुर लाग्नेछ।*

सचिव

अनुसूची - ३

ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र सङ्कलन सम्बन्धि मापदण्ड

(दफा ११ संग सम्बन्धित)

| क्र.सं. | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| (क) | तालतलैया र धार्मिक महत्वका पोखरी | १ कि. मि. बाहिर | ५०० मि. बाहिर |
| (ख) | हाईटेन्सन लाईनबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| (ग) | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (घ) | निकुञ्ज, आरक्ष क्षेत्र | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (ङ) | घनाबस्तिबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (च) | बन क्षेत्रबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (छ) | पक्की एबम झोलुंगे पुलबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| (ज) | राजमार्गबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| (झ) | अन्तर्राष्ट्रिय सिमानाभित्र | कम्तिमा १ कि.मि. बाहिर | कम्तिमा १ कि.मि. बाहिर |

सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ४
पोखरा, नेपाल

अनुसूची - ४

क्रसर उद्योग स्थापना र सञ्चालन सम्बन्धि मापदण्ड

*(दफा ११ संग सम्बन्धित)*

| क्र.सं. | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| क. | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनार | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| ख. | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | १५०० मि. बाहिर | १५०० मि. बाहिर |
| ग. | हाईटेन्सन लाईनबाट | ५०० मि. | ५०० मि. |
| घ. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. बाहिर | २ कि.मि. बाहिर |
| ङ. | निकुञ्ज, आरक्ष क्षेत्र | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| च. | घनाबस्तिबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| छ. | बन क्षेत्रबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| ज. | पक्की एवं झोलुंगे पुलबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| झ. | राजमार्गबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| ञ. | अन्तर्राष्ट्रिय सिमानाभित्र | कम्तिमा १ कि.मि. बाहिर | कम्तिमा १ कि.मि. बाहिर |

सचिव